# १० दैनिक जीवनमा आफू येशूभक्त हुँ भनेर प्रमाणित गरेर चल्नु

*<u>यस अध्यायका मूल पदहरू:</u>* लूका ११:३७-५४, लूका १२:४-२१,३५-५३, आमोस ६:१, लूका ८:४-१५, लूका २२:२४-२७।

*<u>यस अध्यायको मूल पद:</u>* "चेलाहरूले प्रभुलाई अनुरोध गरे "हामीहरूको विश्वासलाई बढाइ दिनुहोस्!" (लूका १७:५ रूपान्तरित)।

प्रभु येशू ख्रीष्ट गुरू वा शिक्षकहरूको पनि महान् शिक्षक हुनुहुन्थ्यो। तर उहाँले तत्कालिन धर्मगुरू वा दार्शनिकहरूले जस्तै कुनै धार्मिक वा दार्शनिक पाठशालाको स्थापना गर्नुभएन। उहाँले विश्वको उत्कृष्ट शिक्षादीक्षा दिनुभएतापनि उहाँ आउनुको लक्ष्य शिक्षादीक्षा दिनु नभएर हराएकाहरूलाई खोज्न र तिनीहरूलाई मुक्ति दिन वा स्वर्गको राज्यमा आमन्त्रण गर्न आउनुभएको थियो (लूका १९:१० रूपान्तरित)। विभिन्न धर्महरूले परमेश्वरको चरित्रलाई अन्यौल रूपमा चित्रण गरिरहेको सन्दर्भमा उहाँले परपपिता सृष्टिकर्ता परमेश्वरको सही प्रेमिलो चरित्रलाई जनसमक्ष देखाउन उहाँ आउनुभएको थियो। त्यस प्रेमको सर्वोउत्कृष्ट उदाहरण उहाँले क्रुसद्वारा देखाउनुभएको थियो। त्यहाँ येशूले यस विश्वका सबै मानव प्राणी र जगतका पतित नभएका जीवहरूलाई वास्तविक परमेश्वर कस्तो हुनुहुन्छ भनेर प्रमाणित गरी देखाउनुभयो। उहाँले मानव जगतको पापको मोल तिर्नुभयो जसले गर्दा प्रत्येक पापीले आत्मनिर्णयद्वारा मुक्ति पाउन सकोस्।

त्यस पुनित काम गरेर येशूले उद्धार पाएका मानिसहरूको समुदायको सृष्टि गर्नुभयो। त्यस समुदायमा ती मानिसहरू समावेश भएका हुन्छन् जो येशूको मृत्युद्वारा तिनीहरूले मुक्ति पाएका छन् र उहाँको जीवन र शिक्षादीक्षालाई व्यक्तिगत आत्मनिर्णयको आधारमा आत्मसात् गरेर उहाँको पथमा चल्न आफूहरूलाई समर्पित गरेका हुन्छन्।

उद्धार पाएकाहरूलाई गरिएको आह्वान आँशिक नभएर पूर्णरूपमा आफूहरूलाई ख्रीष्ट आफैको आह्वानलाई स्वीकारेर उहाँप्रति बफादार हुनु

हो। येशूको वचन नै ती भक्तहरूको जीवनको नीति हुन्छ। प्रत्येक भक्तप्रति येशूको के लक्ष्य छ सो लक्ष्य उसको पनि हुनेछ। मानिस जतिसुकै असल भएतापनि वा असल काम गरेतापनि वा वाहिर रूपमा सिद्ध देखिएतापनि ख्रीष्टप्रति पूर्ण बफादार हुनु र उहाँको इच्छामा चल्नुको बिकल्प हुनसक्दैन।

केवल ख्रीष्ट हामीहरूको जीवनमा रहनुभयो भनेमात्र अनुशासित येशूभक्त वा चेला हुन सम्भव छ। येशूले निर्धारण गर्नुभएका केही यस्ता नीतिहरू छन् त्यसको पूर्ण रूपले पालन गर्न आवश्यक छ। तिनीहरूको साटोमा न कुनै अर्को विकल्प छ न त तिनीहरूलाई परिवर्तन नै गर्न सकिन्छ।

## १. यहूदी धर्मका धुरन्धर पण्डित फरिसीहरू जस्तो नहुनु (लूका ११:३७-५४)

फरिसीहरूको जीवनशैलीका अस्सी उदाहरणहरू सुसमाचारका पुस्तकहरूमा दिइएका छन् र तिनमा २५ प्रतिशत लूकाको पुस्तकमा पाइन्छ। धर्मकर्मको विधिविधान तथा नीतिनियमहरू कडा रूपमा पालन गर्नेहरूमा ती फरिसीहरू प्रख्यात छन्। तर सदुकी पण्डितहरूचाहिँ विधि पालन गर्नेहरूमा केही खुकुलो थिए। फरिसीहरूले अनुग्रहमा बिश्वास गर्छौं भनेर दावी गरेतापनि तिनीहरू परम्पराबादी थिए जसको अर्थ मुक्ति पाउन धर्मका विधिविधानरू कडा पालन गर्नुपर्छ भनेर सिकउँथ्यो।

येशूले लूका ११:३७-५४मा फरिसीहरूलाई चेतावनी दिनुभएको पाइन्छ। त्यो के हो त? फरिसीहरूमा भएका दोषहरू इसाई भनाउँदाहरूमा पनि भएको कसरी पाइन सक्छ? जुन कुरालाई लिएर येशूले चेतावनीहरू दिनुभयो त्यही कुराहरू हामीमा नहुन हामी कसरी सतर्क हुनुपर्छ? हेर्नुहोस: "३७ येशू बोलिसक्नुभएपछि एक जना फरिसीले उहाँलाई भोजनमा निम्तो गरे। उहाँ घरभित्र पसेर खान बस्नुभयो। ३८ तर खान अघि उहाँले हात नधुनुभएको देखेर ती फरिसी छक्क परे। ३९ तर प्रभुले तिनलाई भन्नुभयो, "तिमी फरिसीहरू कचौरा र थालको बाहिरपट्टि त माझ्दछौ, तर तिमीहरूको भित्रचाहिँ लूट र दुष्टताले भरिएको हुन्छ। ४० मूर्ख मानिस हो, जसले बाहिरको भाग

बनायो, त्यसले नै भित्रको पनि बनाएको होइन र? ४१ तर भित्रका थोक
दान स्वरूप देओ, र तिम्रो निम्ति सबै कुरा शुद्ध हुनेछ। ४२ "तर तिमी
फरिसीहरूलाई धिक्कार! किनकि तिमीहरू पुदीना, आरूद र हरेक
जडीबुटीको दशांश दिन्छौ, तर न्याय र परमेश्वरका प्रेमको उपेक्षा
गर्दछौ। तर अरू कामको पनि उपेक्षा नगरी यी काम पनि तिमीहरूले
गर्नुपर्नेथियो। ४३ "तिमी फरिसीहरूलाई धिक्कार! किनकि तिमीहरू
सभाघरहरूमा मुख्यमुख्य आसन र बजारहरूमा अभिवादन लिन
रुचाउँछौ। ४४ "तिमीहरूलाई धिक्कार! किनकि तिमीहरू ती चिहानहरू
जस्ता छौ, जो देखिँदैनन्, अनि चालै नपाई मानिसहरू तीमाथि हिँड्छन्।"
४५ व्यवस्थाका पण्डितहरूमध्ये एक जनाले उहाँलाई भने, "गुरुज्यू, यी
कुरा गरेर तपाईंले त हाम्रो पनि बेइज्जत गर्नुहुन्छ।" ४६ उहाँले
भन्नुभयो, "तिमी व्यवस्थाका पण्डितहरूलाई पनि धिक्कार! किनकि
बोक्न नसक्ने भारी मानिसहरूमाथि तिमीहरू लाद्दछौ, तर तिमीहरू
आफैंचाहिँ एक औँलाले पनि ती भारीहरू छुँदैनौ। ४७ "तिमीहरूलाई
धिक्कार! किनकि तिमीहरूका पुर्खाहरूले मारेका अगमवक्ताहरूका
चिहान तिमीहरू बनाउँछौ। ४८ यसरी तिमीहरू आफ्ना पुर्खाहरूका
काममा साक्षी छौ, र तिनीहरूसँग सहमत हुन्छौ, किनकि तिनीहरूले
उनीहरूको हत्या गरे, र तिमीहरूचाहिँ उनीहरूका चिहान बनाउँछौ।
४९ यसैले परमेश्वरको बुद्धिले पनि भन्दछ, 'म तिनीहरूकहाँ
अगमवक्ताहरू र प्रेरितहरू पठाउनेछु। उनीहरूमध्ये कसैलाई तिनीहरूले
मार्नेछन् र कसैलाई सताउनेछन्। ५० संसारको सुरुदेखि सबै
अगमवक्ताहरूका रक्तपातको लेखा यस पुस्तासँग लिइनेछ। ५१ हो, म
तिमीहरूलाई भन्दछु, हाबिलको रगतदेखि लिएर, वेदी र मन्दिरको
पवित्र-स्थानको माझमा मारिएका जकरियासम्मका रगतको लेखा यस
पुस्तासँग लिइनेछ। ५२ "तिमी व्यवस्थाका पण्डितहरूलाई धिक्कार!
किनकि तिमीहरूले ज्ञानको साँचो लिन त लियौ, तर तिमीहरू आफै पनि
भित्र प्रवेश गरेनौ, अनि अरू पस्नेहरूलाई पनि रोक्यौ।" ५३ जब उहाँ
त्यहाँबाट निस्कनुभयो, तब शास्त्रीहरू र फरिसीहरूले उहाँको घोर

विरोध गर्दै धेरै विषयहरूमा उहाँलाई प्रश्न गर्न थाले, ५४ र उहाँको मुखबाट निस्केका कुरामा उहाँलाई पक्रने दाउमा बसे।"

फरिसी तथा शास्त्रीहरूलाई उपरोक्त पदहरूमा उच्चारण गरेका धिक्कारहरूले सही धर्मको आह्वानलाई तिनीहरूलेमात्र होइन तर प्रत्येक पुस्ता जुन् हामीसम्म छ वेवास्ता गरेका छन् भनेर देखाउँछ।

उदाहरणमा, दशाँसले हामीहरूलाई परमेश्वरले हेरचाह गर्नुहुन्छ भनेर हामी स्वीकारेको देखाउँछ। तर हामीले मानिसलाई दिनुपर्ने प्रेम र न्यायको बिकल्पमा दशांससँग साट्नुहुन्न (पद ४२)।

त्यही पण्डितहरू जसले परमेश्वरप्रति प्रेम र न्यायका विषयहरूमा वेवास्ता गर्छन् तिनीहरू नै आरधाना गर्ने ठाउँहरूमा प्रमुख अतिथीहरू भएर सम्मानको आसनमा बस्न मन पराउँछन् (पद ४२,४३)। सही विश्वास हुन चुक्नेको कुरा गर्दा त्यो भन्दा ढोंगी अरू के होला?

बाहिरी देखावटी धर्मका लुगा लगाएर धर्मकर्म वा विधिहरू पालन गर्दा सही धर्ममा लागेको हौं भनेर देखाउनेहरू भित्रैदेखि फोहरी हुन्छन् भनेर येशूले कडा शब्दमा भन्डाफोर गर्नुभएको थियो। तिनीहरू मुर्दालाई छोएर अशुद्ध भएका जस्तै हुन् (लूका ११:४४, गन्ती १९:१६)। परमेश्वरको नजरमा जे पवित्र छ त्यसलाई न्युनमा झारेर आआफ्नै पारामा हिँडेर तिनीहरू अन्यौलमा परेको देखाउँछ।

धर्मशास्त्र, कानुन तथा व्यवस्थाहरूका विद्धान तथा विज्ञहरूलाई पनि येशूले धिक्कार भन्नुभएको थियो। तिनीहरू अतिवादी भएर तिनीहरूको शिक्षादीक्षा र अनुभवहरूको आधारमा मानिसहरूलाई धर्मको नाउँमा भारी बोकाउँछन् तर तिनीहरू आफै पनि त्यस भारीलाई एउटा औंलाले पनि उचाल्दैनन् (लूका ११:४६)।

ती फरिसी पण्डितहरूले मरेका अगमवक्ता वा परमेश्वरका विशेष दूतहरूलाई सम्मान गर्छन् र वार्षिक श्रद्धान्जली कार्यक्रम गर्छन् तर जिइरहेका परमेश्वरका दूतहरूको विरुद्धमा काम गर्दछन्। येशूले प्रवचन दिइरहेकै बेलामा कतिले त उहाँ परमेश्वरको पुत्रलाई मार्न षडयन्त्र गरिरहेका थिए। मरेका अगमवक्ता वा परमेश्वरको सन्तहरूलाई सम्मान गर्ने त्यस्तो जरुरत छैन। तर तिनीहरूले दिएर गएका प्रेम, दया,

न्यायका सन्देशहरूलाई आत्मसात् गर्नु जरुरी छ भनेर येशूले औँल्याउनुभएको थियो।

अन्तिम धिक्कारचाहिँ भयङ्कर डरलाग्दो छ। कतिपय फरिसीहरूलाई परमेश्वरको राज्यको साँचो सुम्पिएको थियो। तर तिनीहरूले आफ्नो कर्तव्य पालन गर्न असफल भएका थिए। तिनीहरूले साँचो परमेश्वरका जनहरूलाई उहाँको राज्यमा भित्र्याउन बुद्धिमानीपूर्वक प्रयोग गरेका थिएनन्। तर आफूले पाएका परमेश्वरको राज्यको बारेमा आत्मज्ञानहरूलाई आफूलाई मात्र दिएको भनेर परमेश्वरका जनहरूलाई पस्न नदिन ती ज्ञानहरूलाई ताल्चा मारेर साँचोलाई हुत्याएका थिए।

## २. परमेश्वरको भय वा परमेश्वरप्रति अगाढ श्रद्धा (लूका १२:४-१२)

"परमेश्वरको भय मान र उहाँको गौरबको महिमा गर" (प्रकाश १४:७ रूपान्तरित) भनेर प्रकाश १४मा तिन स्वर्गदूतहरूले दिएका सन्देशहरूमा पहिलो सन्देश हो। सेभेन्थ-डे एडभेन्टिस्टहरूको जीवन र विश्वासको निम्ति यो अत्यन्त महत्त्वपूर्ण सन्देश हो। परमेश्वरको भय मान्नुको अर्थ त्रसित भएर थर थरले काम्नु होइन। तर परमेश्वर को हुनुहुन्छ भनेर हामीले बुझ्ने क्षमता हामीमा हुनु र हाम्रो जीवनमा उहाँका दावीहरू के के छन् सो थाहा पाउनु हो। उहाँप्रति निष्ठावान वा बफादारी हुन आस्था वा अटल विश्वासको आवश्यकता छ। हामीहरूको सोचबिचार, कार्यकिलाप, सम्बन्ध गाँस्ने नीतिहरू र भविष्यको स्रस्ता वा सृष्टिकर्ता र न्यायकर्ता परमेश्वरलाई मात्र हामी बनाउँछौं। विश्वासद्वारा हरदम परमेश्वरको उपस्थितिको आभास् पाउँदा पवित्र भय जागिबस्छ र यो नै हामीहरूको आत्मिक जगको मजबुत आधारशीला हो।

भयको बारेमा येशूले लूका १२:४-१२मा के भनिरहनुभएको छ, हेर्नुहोस्: " "मेरा मित्र हो, म तिमीहरूलाई भन्दछु, तिनीहरूदेखि नडराओ जसले शरीरलाई मार्दछन्, तर त्यसपछि अरू केही गर्न सक्दैनन्। ५ तर कोदेखि डराउनुपर्छ, म तिमीहरूलाई चेताउनी दिनेछु: तिनैसँग डराउनुपर्दछ जससँग शरीरलाई मारेपछि नरकमा फालिदिने शक्ति छ। म तिमीहरूलाई भन्दछु, तिनीदेखि नै डराओ। ६ के दुई पैसामा पाँच वटा भँगेरा बिक्दैनन्? तीमध्ये एउटालाई पनि परमेश्वरले

बिर्सनुहुन्न। ७ तर तिमीहरूका त शिरका केशसमेत गनिएका छन्। यसकारण नडराओ, तिमीहरू धेरै भँगेराभन्दा बढ़ी मोलका छौ। ८ "म तिमीहरूलाई भन्दछु, हरेक जसले मलाई मानिसहरूका सामुन्ने स्वीकार गर्दछ, त्यसलाई मानिसको पुत्रले पनि परमेश्वरका दूतहरूका सामुन्ने स्वीकार गर्नेछ। ९ तर जसले मलाई मानिसहरूका सामुन्ने अस्वीकार गर्दछ, परमेश्वरका दूतहरूका सामुन्ने त्यो पनि अस्वीकृत हुनेछ। १० हरेक जसले मानिसको पुत्रको विरुद्धमा बोल्छ, त्यसलाई क्षमा हुनेछ, तर जसले पवित्र आत्माको विरुद्धमा निन्दा गर्दछ, त्यसलाई क्षमा हुनेछैन। ११ "जब तिनीहरूले तिमीहरूलाई सभाघरहरू, शासकहरू र अधिकारीहरूका सामु ल्याउँछन्, तब तिमीहरूले कसरी र के जवाफ दिने, अथवा के भन्नुपर्ने, सो फिक्री नगर, १२ किनभने त्यसै बेला तिमीहरूले के भन्नुपर्ने हो पवित्र आत्माले तिमीहरूलाई सिकाउनुहुनेछ।"

**यथार्थमा कोसित डराउनुपर्छ भनेर माथिका पदहरूले देखाउँदछ। यस संसारमा रहुञ्जेल केवल भौतिक शरीरलाई हमला गर्ने तत्वहरूसित हामी डराउनु हुन्न रे! तर परमेश्वरको भय मान्नुपर्छ र उहाँका वचनहरू पालन गर्नुपर्छ किनभने हामीहरूको अनन्त जीवनको भविष्य उहाँको हातमा छ। भङ्गेराप्रति आँखा राख्ने र हामीहरूका शिरमा भएका कपालहरू गन्ने परमेश्वर प्रेमिलो र हेरबिचार गर्ने हुनुहुन्छ। त्यसको अर्थ उहाँको नजरमा हामी सबै जना सदाको निम्ति अमूल्य छौं। यदि हामीले त्यस कुरालाई हृदयदेखि विश्वास गर्न सक्यौं भने कतिपय सांसारिक डरहरू हट्ने थिए होला?**

लूका १२:१३-२१मा येशूले हामीलाई के सतर्क गराइरहनुभएको छ? हेर्नुहोसः "१३ भीड़बाट एक जनाले उहाँलाई भन्यो, "गुरु, मेरा दाज्यूलाई भनिदिनुहोस्, र तिनले अंशबन्डा गरिदेऊन्।" १४ तर उहाँले त्यसलाई भन्नुभयो, "मित्र, कसले मलाई तिमीहरूमाथि न्याय गर्ने अथवा तिमीहरूको सम्पत्ति बाँड़िदिने तुल्यायो?" १५ उहाँले तिनीहरूलाई भन्नुभयो, "होशियार रहो, सबै किसिमका लालचबाट जोगिने काम गर, किनकि मानिसको जिन्दगी उसको धन-सम्पत्तिको प्रशस्ततामा

रहँदैन।" १६ उहाँले तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयो, "कुनै एक जना धनी मानिसको जमिनमा प्रशस्त उब्जनी भयो। १७ त्यसले मनमनै गुन्न लाग्यो, 'मेरो अन्न राख्ने ठाउँ मसित छैन, अब म के गरूँ?' १८ तब त्यसले भन्यो, 'म यसो गर्नेछु– आफ्ना ढुकुटीहरू वा अन्न भकारीहरू भत्काएर झन् ठूला-ठूला बनाउनेछु, र मेरा सबै अनाज र मालसामान त्यहीँ राख्नेछु। १९ अनि म आफ्नो प्राणलाई भन्नेछु, "ए प्राण, धेरै वर्षसम्म पुग्ने प्रशस्त सम्पत्ति तेरो निम्ति थुप्रिएको छ। सुख-चैनमा बस्। खा, पि, र मोज गर"।' २० "तर परमेश्वरले त्यसलाई भन्नुभयो, 'ए मूर्ख, आज राती नै तिम्रो प्राण तिमीबाट लिइनेछ, र जे कुराहरू तिमीले आफ्नो निम्ति थुपारेका छौ, ती कसको हुने?' २१ "आफ्नो निम्ति धन-सम्पत्ति थुपार्ने, तर परमेश्वरको दृष्टिमा धनी नहुने मान्छेको अवस्था यस्तै हुन्छ।"

आफ्ना साथीको दाजुभाईको बीचको अंश बाँड्ने झगडामा येशूले कुनैको पक्ष लिन अस्वीकार गर्नुभएको थियो। तर ईष गर्नु खराब हो भनेर दशौं आज्ञालाई उहाँले औँल्याउनुभएको थियो (प्रस्थान २०:१७)। उहाँले समयसापेक्षित महत्त्वपूर्ण सत्यतालाई पनि औँल्याउनुभएको थियोः हामीहरूको जीवन भौतिक कुराहरूको संरचनाले बन्ने होइन। मूर्ख धनी मानिस आफ्नै सानो संसारमा जिइरहेको थियो। आफूसँग भएको भौतिक सम्पत्ती बाहेक उसलाई अरू कुनैको वास्ता थिएन। त्यही धरापमा हामी पनि नपर्न हामी कतिको होशियार अपनाउनुपर्छ सो सोच्नु अत्यावश्यक छ। हामीमध्ये धेरैलाई सांसारिक भौतिक सम्पत्तीले आशिष पाएका छौं तर हामी त्यसमामात्र लटपटिनु हुन्न भनेर सतर्कता अपनाउनुपर्छ।

भौतिक साधनसुविधा हामी सबैले रमाइलो मानेर उपभोग गर्छौं। तर अनन्त जीवनलाई ख्यालमा राख्दा तिनीहरूले हामीलाई कति थोरै संतुष्ट दिँछ सो सोच्नुहोस्। यद्यपि, येशूले भनिरहनुभएको चेतावनीलाई वेवास्ता गर्न हामीलाई किन सजिलो भइरहेको छ?

## ३. तयार होऊ र जागा भएर बस (लूका १२:३५-५३)

"इमान्दारिपूर्वक जागा भएर बस्ने आवश्यकता संसारको प्रत्येक युगमा ख्रीष्टका अनुयायीहरूबाट अपेक्षा गरिएको छ। हामी अनन्त

**संसारको संघारमै उभीरहेकाछौं। हामीले सत्यलाई पकडि राखेका छौं र हामीमा महान् उज्यालो छ र हामीहरूको काँधमा महत्त्वपूर्ण काम बोकाइएको छ। त्यसकारण हामी होशियारसाथ जागेर बस्नै पर्छ र हामीहरूको पाइलालाई सुरक्षित राख्नैपर्छ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ५, पृ. ४६०,४६१बाट रूपान्तरित।**

तपाईँ धेरै वर्षसम्म येशूको दोस्रो आगमनको प्रतिक्षा गरिरहनुभएको छ। लूका १२:३५-५३मा उल्लेख गरेका परिच्छेदहरूलाई तपाईँको आफ्नै भाषामा सारांस निकालेर त्यसको अर्थ तपाईँलाई के छ सो बुझ्नुहोस्। हेर्नुहोस्: " ३५ "तिमीहरूका आफ्ना कम्मर कस र तिमीहरूका बत्ती बालिराख। ३६ तिमीहरू ती मानिसहरू जस्ता होओ, जसले आफ्ना मालिक विवाहको भोजबाट फर्किआएर ढकढक्याउँदा तिनको निम्ति झट्टै ढोका खोलिदिन्छन्। ३७ ती नोकरहरू धन्यका हुन्, जसका मालिक घर आउँदा तिनीहरूलाई जागिरहेका भेट्टाउनेछन्। साँच्चै म तिमीहरूलाई भन्दछु, तिनले आफ्नो पटुका कसेर तिनीहरूलाई खान बसाउनेछन्, र आएर तिनीहरूको सेवा गर्नेछन्। ३८ यदि तिनी मध्यरात वा त्यसभन्दा अझ ढिलो आउँदा पनि नोकरहरूलाई जागै भेट्टाए भने, तिनीहरू धन्यका हुन्। ३९ तर यो जान, कि चोर कुन बेला आउँछ भनेर घरका मालिकले जानेका भए तिनी जागा बस्नेथिए, र चोरलाई घर फोरेर पस्न दिनेथिएनन्। ४० तिमीहरू पनि तयार रहो, किनकि तिमीहरूले नचिताएको बेलामा मानिसको पुत्र आउनेछ।" ४१ तब पत्रुसले भने, "हे प्रभु, के यो दृष्टान्त हाम्रै निम्ति मात्र बताउनुभएको हो, कि अरू सबैका निम्ति?" ४२ प्रभुले भन्नुभयो, "त्यो विश्वासी र बुद्धिमानी भण्डारे को हो, जसलाई त्यसका मालिकले आफ्ना परिवारलाई निश्चित समयमा तिनीहरूका भागमा पर्ने भोजन दिनलाई खटाउनेछन्? ४३ त्यो दास धन्यको हो, जसलाई त्यसका मालिक आउँदा त्यसै गरिरहेको भेट्टाउनेछन्। ४४ साँच्चै म तिमीहरूलाई भन्दछु, तिनले त्यसलाई आफ्ना सारा सम्पत्तिमाथि अधिकार दिनेछन्। ४५ तर त्यस दासले आफ्नो मनमा "मेरा मालिक आउन ढिलाउनुहुनेछ" भनेर कमारा र कमारीहरूलाई

पिट्न लाग्यो, र त्यो खान, पिउन र मात्न लाग्यो भने, ४६ त्यसले आशा
नगरेको दिन र नचिताएको घड़ीमा त्यसका मालिक आउनेछन्, र
त्यसलाई दण्ड दिनेछन्, र त्यसको दशा अविश्वासीहरूको जस्तो हुनेछ।
४७ "आफ्नो मालिकको इच्छा जानेर तयार नरहने र तिनको
इच्छाबमोजिम नगर्ने दासले चाहिँ ज्यादै पिटाइ खानेछ। ४८ तर
मालिकको इच्छा नजानेर पिटाइ खाने योग्यको काम गर्नेले थोरै पिटाइ
खानेछ। प्रत्येक जसलाई धेरै दिइएको छ, त्यसबाट धेरै मागिनेछ, र
हरेक जसलाई धेरै सुम्पिएको छ, त्यसबाट अझ बढ़ी लिइनेछ। ४९ "म
पृथ्वीमाथि आगो खन्याउन आएको हुँ, त्यो त बरु अघिबाटै
सल्किसकेको भए हुनेथियो! ५० एउटा बप्तिस्मा छ, जो मैले
लिनुपर्नेछ। त्यो पूरा नहोउञ्जेल म अति व्याकुल छु! ५१ के तिमीहरू
सम्झन्छौ कि म पृथ्वीमा शान्ति ल्याउन आएँ? होइन, म तिमीहरूलाई
भन्दछु, बरु म विभाजन ल्याउन आएँ। ५२ किनभने अब उसो एक
परिवारमा पाँच जना एक-अर्कामा विभाजित हुनेछन्, तीन जनाका
विरुद्धमा दुई, र दुई जनाका विरुद्धमा तीन। ५३ तिनीहरूमा विभाजन
हुनेछ– बाबुको विरुद्धमा छोरा, र छोराको विरुद्धमा बुबा, आमा छोरीको
विरुद्धमा र छोरी आमाको विरुद्धमा, सासू आफ्नी बुहारीको विरुद्धमा, र
बुहारी त्यसकी सासूको विरुद्धमा।"

**येशूभक्तहरू आराम वा अल्छी बनेर बस्न फुर्सद हुनुहुन्न। नचिताएको समयमा येशू आउनुहुने खबर हामीमा भएको हुनाले हामीहरू लुगा लगाएर तयार हुनुपर्छ र हामीहरूको बत्तीलाई उज्यालो बनाएर बाली राख्नुपर्छ। हामीहरूको जीवन, काम, तयार भएर बस्ने र आस्थामा निष्ठावान भएर बस्न घचेट्ने उर्जा नै उहाँको छिट्टो दोस्रो आगमनको आशा हुनुपर्छ। असल नोकर र दुष्ट नोकरलाई छुट्याउने आचारसंहीता नै यस संसारमा उहाँको इच्छा विश्वाससाथ पालन गर्ने र शान्तिसँग उहाँलाई भेट्न तमतयार भएर बस्ने हुन्।**

**"मेरो स्वामी ढिलो आउनुहुन्छ" भनेर वेवास्ताको जीवन बिताउँदा आफूलाई परमेश्वरको गम्भिर न्यायमा पार्नु हो। परमेश्वरको**

काम गर्दा जति धेरै सम्मान दिइन्छ त्यति धेरै उसलाई जिम्मेवारी बोकाइएका हुन्छन्। उसबाट परमेश्वरले धेरै कुराको अपेक्षा गर्नुहुन्छ।

"सियोनमा मोजमज्जा गरेर अल्छी भएर बस्ने धिक्कार" भनेर आमोसले आमोस ६:१मा पुरानो नियममा न्याय सुनाएका थिए। त्यही कुरालाई मध्यनजर राखेर अनुशासित येशूभक्तको जीवन अल्छी वा मोजमज्जाको जीवन बिताउने होइन भनेर येशूले पनि चेतावनी दिनुभएको पाउँछौं। इसाई जीवन आत्मिक लडाईं हो भनेर पावलले स्पष्ट पार्दछ (एफिसी ६:१२)। प्रत्येक येशूभक्त ख्रीष्ट र सैतानको बीचमा भएको संघर्षमा सहभागी भइरहेको छ भनेर बुझ्नु अत्यन्त जरुरी छ। ती दुईको सिमाना क्रुसले स्पष्टरूपमा छुट्याइदिएको छ। निरन्तररूपमा क्रुसमा टाँगिएको ख्रीष्टमा नजर राखेर चल्दामात्रै अन्तिम बिजयी हामी पाउन सक्छौं।

"धेरै पाउनेले धेरै नै अपेक्षा गरिएको हुन्छ। धेरैको हेरबिचार गर्नेको अझ धेरै नै काम गर्न आह्वान गरेको हुन्छ" (लूका १२:४८ रूपान्तरित)। सेभेन्थ-डे एडभेन्टिस्टको निम्ति यो पदको उपादेयिता के छ?

## ४. फलदायी गवाही (लूका ८:४-१५)

संसारलाई सृजनुभन्दा पहिले पिता, पुत्र र पवित्र आत्माको बैठक बसेका थिए (एफिसी १:४) र त्यस बैठकमा मुक्तिको योजनाको तर्जुमा गर्नुभएको थियो। पहिलो मानव प्राणीको सृष्टि गर्नुभन्दा पहिले, पहिलो मानिसले पाप गर्नुभन्दा पहिले मानिसले पाप गरे भने त्यसबाट कसरी उद्धार गर्ने भन्ने योजना बनाइ सक्नुभएको थियो। त्यो योजना क्रुसमा गएर सम्पन्न भएको थियो र संसारको प्रत्येक मानिसलाई क्रुसको सन्देश सुनाउनै पर्छ। येशूभक्त हुँ भनेर दावी गर्ने प्रत्येक उपासकमा त्यस क्रुसको सन्देश सुनाउने जिम्मेवारी बोकाइएको छ।

"यरुशलेममा तिमीहरू मेरो लागि साक्षी हुने छौ। तिमीहरू सबै यहुदियामा र सामरियामा मेरा साक्षीहरू भएर उभिने छौ। अनि संसारको एक कुनादेखि अर्को कुनासम्म तिमीहरू मेरा साक्षीहरू हुनेछौ" (प्रेरित १:८ रूपान्तरित)। येशूको आखिरि आदेशमा उहाँका सबै अनुयायीहरूको

**काँधमा उहाँको बारेमा साक्षी भएर खडा हुने महत्त्वपूर्ण र गरिमामय काम गर्ने कर्तव्य बोकाइदिनुभएको छ।**

बिऊ छर्ने र माटोको अर्तीकथामा इसाईहरू कस्तो खालको साक्षी हुनसक्छ भनेर हामी सिक्छौं? हेर्नुहोस्, लूका ८:४-१५: "जब ठूलो भीड जम्मा भयो र सहर-सहरबाट मानिसहरू उहाँकहाँ आए, उहाँले तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयो। ५ "एक जना बीउ छर्ने बीउ छर्न निस्क्यो, र छर्दाछर्दै केही बाटोको छेउमा परे, र ती मानिसका खुट्टाले कुल्चिए, र आकाशका पक्षीले खाइहाले। ६ अरू बीउ ढुङ्गेनी जमिनमा परे, र ती उम्रने बित्तिकै सुके, किनभने त्यो जमिन ओबानो थियो। ७ कोही बीउ काँढ़ाको झाँगमा परे, र तिनका साथमा काँढ़ाको झाँग पनि बढ़ेर आयो, र तिनलाई बढ्न दिएन। ८ कतिचाहिँ असल जमिनमा परे, र उम्रेर सय गुणा फल फलाए।" यत्ति भनेपछि उहाँले उच्च सोरले भन्नुभयो, "जसको सुन्ने कान छ, त्यसले सुनोस्।" ९ उहाँका चेलाहरूले यस दृष्टान्तको अर्थ के हो भनी उहाँलाई सोधे। १० उहाँले भन्नुभयो, "तिमीहरूलाई त परमेश्वरका राज्यको भेद जान्ने ज्ञान दिइएको छ, तर अरूहरूसँग चाहिँ म दृष्टान्तमा बोल्दछु, कि 'तिनीहरूले हेरेर पनि नदेखून्, र सुनेर पनि नबुझून्।' ११ अब दृष्टान्त यो होः बीउचाहिँ परमेश्वरको वचन हो। १२ बाटोको छेउमा खसेको बीउ तिनीहरू हुन्, जसले सुन्छन्, तर वचन सुनेर विश्वास नगरून् र नबाँचून् भनी दियाबलसले आएर तिनीहरूका हृदयबाट वचन लगिहाल्छ। १३ ढुङ्गेनी जमिनमा पर्नेचाहिँ तिनीहरू हुन्, जसले वचन सुनेर खुशीसाथ त्यो ग्रहण गर्छन्। तर तिनको जरा हुँदैन, र केही समयको लागि तिनीहरूले विश्वास गर्छन्, तर परीक्षाको बेलामा तिनीहरूको पतन हुन्छ। १४ काँढ़ाहरूका बीचमा पर्नेचाहिँ तिनीहरू हुन्, जसले सुन्छन्, तर पछि यस जीवनका चिन्ता, धन, सुख-चैनमा परेर बढ्न पाउँदैनन्, र तिनका फल पाक्न पाउँदैनन्। १५ तर असल जमिनमा पर्नेचाहिँ तिनीहरू हुन्, जसले वचन सुनेर निष्कपट र भला हृदयमा त्यसलाई जोगाइराख्छन्, र धैर्यसाथ फल फलाउँछन्।"

अनि येशूको निम्ति गवाही वा साक्षी बक्नेहरूको इनाम के र कहिले पाउनेछन् त? हेर्नुहोस्ः लूका १८ः२४-३० "अनि येशूले तिनलाई हेरेर भन्नुभयो, "धन-सम्पत्ति हुनेहरूलाई परमेश्वरको राज्यभित्र प्रवेश गर्नु अति गाह्रो छ, २५ किनभने धनी मानिसलाई परमेश्वरको राज्यमा प्रवेश गर्नुभन्दा त ऊँटलाई सियोको नाथ्रीबाट छिर्नु सजिलो हुन्छ।" २६ अनि सुन्नेहरूले भने, "तब कसको उद्धार हुन सक्छ त?" २७ उहाँले भन्नुभयो, "मानिसहरूका लागि जे असम्भव छ, त्यो परमेश्वरको लागि सम्भव छ।" २८ तब पत्रुसले भने, "हेर्नुहोस्, आफ्नो घरद्वार छोड़ेर हामी तपाईंको पछि लागेका छौं।" २९ तब उहाँले तिनीहरूलाई भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, जसले घर वा पत्नी, वा दाजुभाइ वा आमा-बुबा, अथवा छोराछोरीलाई परमेश्वरका राज्यको निम्ति त्याग्छ, ३० त्यसले यसै समयमा धेरै बढ़ी प्रतिफल पाउनेछ र आउने युगमा अनन्त जीवन प्राप्त गर्नेछ।"

सिक्काको उपमा दिएर (लूका १९ः११-२७) येशूको बारेमा गवाही दिंदा हामीहरूमा हुनुपर्ने जिम्मेवारी, विश्वास र श्रद्धा कसरी खुलासा गरेको छ? हेर्नुहोस्ः "तिनीहरूले यी कुरा सुन्दैगर्दा उहाँले तिनीहरूलाई एउटा दृष्टान्त भन्न लाग्नुभयो। उहाँ यरूशलेमको नजिकै हुनुहुन्थ्यो, अनि मानिसहरूले परमेश्वरको राज्य तुरुन्तै प्रकट हुन लागेको छ भन्ने सम्झेका थिए। १२ उहाँले भन्नुभयो, "एक जना खानदानी मानिस एउटा राज्य प्राप्त गरी फर्किआउन भनी कुनै टाढ़ा देशमा गए। १३ तिनले आफ्ना दश जना नोकरहरूलाई बोलाएर तिनीहरूलाई दश सुनका सिक्का दिएर भने, 'जबसम्म म फर्किआउँदिनँ यसबाट व्यापार गर।' १४ "तर तिनका प्रजाहरू तिनलाई घृणा गर्थे, र तिनीहरूले तिनको पछिपछि यसो भनेर दूतहरूलाई पठाए, 'तिनले हामीमाथि राज गरेका हामी चाहँदैनौं।' १५ "तब राज्य अधिकार पाई तिनी फर्केपछि आफूले पैसा दिएका नोकरहरूलाई आफूकहाँ बोलाउने हुकुम दिए, अनि व्यापारबाट तिनीहरूले कति नाफा गरे भन्ने तिनले जान्न चाहे। १६"तब पहिलो आएर यसो भन्यो, 'मालिक, तपाईंको सिक्काले अझै दश सिक्का कमाएको छु।' १७ "तिनले त्यसलाई भने,

'स्याबास असल नोकर, तिमी अति थोरैमा विश्वासी भयौ, तिमीले दश सहरहरूमाथि अधिकार पाउनेछौ।' १८ "दोस्रो आएर यसो भन्यो, 'मालिक, तपाईंको सिक्काले अरू पाँच सिक्का कमाएको छु।' १९ "तिनले त्यसलाई भने, 'तिमीले पनि पाँच सहरमाथि अधिकार पाउनेछौ।' २० "अर्को आएर यसो भन्यो, 'मालिक, हेर्नुहोस्, तपाईंको सिक्का यहाँ छ। यो मैले रूमालमा बाँधेर राखेको थिएँ। २१ म तपाईंसँग डराएँ, किनकि तपाईं कठोर मानिस हुनुहुन्छ। जे राख्नुभएन त्यो लिनुहुन्छ, र जे छर्नुभएन त्यसैको कटनी गर्नुहुन्छ।' २२"तिनले त्यसलाई भने, 'तिम्रै मुखको कुराबाट म तिम्रो इन्साफ गर्नेछु, ए दुष्ट नोकर! जे राखिनँ त्यो लिने, र जे छरिनँ त्यसको कटनी गर्ने म कठोर मानिस हुँ भनेर तिमीले जानेकै थियौ। २३ तब मेरो सिक्का बैङ्कमा किन राखेनौ त? म आएर व्याजसहित त्यो पाउनेथिएँ।' २४ "तब नजिक उभिनेहरूलाई तिनले भने, 'त्यसबाट त्यो सिक्का लिएर दश सिक्का हुनेलाई दिइहाल्।' २५ तिनीहरूले तिनलाई भने, 'हजूर, त्यससँग त दश सिक्का छँदैछन्।' २६" 'म तिमीहरूलाई भन्दछु, जससँग छ त्यसलाई अझ बढ़ी दिइनेछ, तर जससँग छैन त्यससँग भएको पनि त्यसबाट खोसिनेछ। २७ तर मैले तिनीहरूमाथि राज गरेको नचाहने मेरा ती शत्रुहरूलाई यहाँ ल्याओ, र तिनीहरूलाई मेरै सामुन्ने मार'।"

**उपरोक्त अर्तीकथा र अरूहरूमा हामीले गवाही दिंदा हुनुपर्ने विश्वासको आवश्यकता र गवाही दिंदा पाउने इनाम र नदिंदा उत्पन्न हुने खतरालाई ध्यान दिंदा इसाई भनेर दावी गर्नेहरूमा कस्तो जिम्मेवारी सुम्पिएको छ, सो सोच्नुहोस्। (यदि त्यो जिम्मेवारी हामीले लिन अस्वीकार गर्‍यौं भने के हामी इसाई भन्न सुहाँउँछ?) हामी सबैलाई गम्भिर जिम्मेवारी दिएको छ। तर जब हाम्रो निम्ति येशूले जुन् त्याग र बलिदान गर्नुभयो, त्यसको नजरमा हामीले बहन गर्नुपर्ने जिम्मेवारी कतिको सानो रहेछ भनेर महसुस गर्दैनौं र?**

## ५. अगुवा भएर सेवक हुनु (लूका २२:२४-२७)

येशूलाई क्रुसमा चढाउने घडी आइरहेको थियो। चेलाहरू येशूसँग अन्तिम भोजन गर्न तयार गर्दै थिए। तिनीहरूले तत्कालै

स्वर्गको राज्यमा पस्ने कुरामा सोचबिचार गरिरहेको बेलामा तिनीहरूले कस्तो कस्तो पद पाएर त्यहाँ ठूलो हुनेहोला भनेर भनाभन भइरहेको थियो। तिनीहरूको अज्ञानतालाई येशूले कसरी सम्हाल्नुभयो? तिनीहरूले सोचेको भन्दा उहाँको जवाफमा के थियो? हेर्नुहोस्: लूका २२:२४-२७ “अब तिनीहरूमध्ये सबैभन्दा प्रमुख को गनिने हो भनी चेलाहरूका बीचमा वाद-विवाद हुन लाग्यो। २५ उहाँले तिनीहरूलाई भन्नुभयो, “अन्यजातिका राजाहरूले तिनीहरूमाथि प्रभुत्व गर्छन्, र तिनीहरूमाथि अधिकार चलाउनेहरू ‘उपकारी’ भनिन्छन्। २५ उहाँले तिनीहरूलाई भन्नुभयो, “अन्यजातिका राजाहरूले तिनीहरूमाथि प्रभुत्व गर्छन्, र तिनीहरूमाथि अधिकार चलाउनेहरू ‘उपकारी’ भनिन्छन्। २६ तर तिमीहरूचाहिँ यस्तो नहोओ। तिमीहरूमध्ये जो ठूलो छ, त्यो सानो बनोस्, र अगुवा हुनेले चाहिँ सेवा गरोस्। २७ किनभने ठूलो को हो? भोजन खान बस्ने कि सेवा गर्ने? के भोजन खान बस्ने होइन? तर म तिमीहरूका बीचमा एक जना सेवा गर्नेजस्तै छु।"

**नेतृत्व वहन गर्नुपर्ने इतिहासमा येशूको जवाफ अत्यन्त महत्त्वपूर्ण छ। विश्व विख्यात शासकहरू जस्तै इजिप्तको फारो राजा, बेबिलोन (आधुनिक इराक)को चक्रवर्ती राजा नेबक्दनेजार, ग्रीकको सम्राट् अलेक्जान्दर महान्, रोमको सम्राट् जुलियस सिजर, फ्रान्सको शासक नेपोलियन र चीनको नामुद शासक चङ्गेज खाँ आदि सबैले नेता हुनुभनेको आफूले शक्तिलाई हातमा लिनु र मानिसहरूमाथि प्रभुत्व स्थापना गर्नु हो। संसारको मनस्थितिले ग्रसित भएका प्रायजसो मानिसहरूले नेता, अगुवा, शासक वा प्रशासक नै किन नहुन् आफूले पाएको अधिकारलाई अरूमाथिँ रजाइँ गर्ने अधिकार हो भनेर प्रायजसो लिएको हामी पाउँछौं।**

**तर येशूले स्पष्ट रूपमा संसारका शासक तथा प्रशासकहरूको अनुसरण नगर्न उहाँले भन्नुभयो “तिमीहरू तिनीहरू जस्ता नहुनु। तर तिमीहरूमध्ये कोही अत्यन्त उच्च ओहोदामा छ वा सम्माननीय छ भने तिमीहरू सबैभन्दा आफूलाई कान्छो ठान्नुपर्छ। जसले सासन गर्छ त्यसले सासन गरेको होइन तर सेवा गरेको भन्ने नीतिमा चल्नुपर्छ" (लूका २२:२६ रूपान्तरित)। सारा जगतका स्वामीले चेलाहरूलाई दिएको**

आफ्नो जवाफमा मानव स्वभावलाई ठिक उल्ट्याइ दिनुभयोः "तिनीहरू जस्तो तिमीहरू नहोऊ। बरू तिमीहरूमध्ये कोही जान्ने वा आदरणीय हुनचाहन्छ भने सेवक हुनुपर्छ। जो मानिस प्रथम् स्थान ओग्ट्न चाहँन्छ ऊ दास हुनै पर्छ। तिमीहरू मानिसको पुत्र जस्तै हुनुपर्छ। अरूले उनको सेवा गरोस् भनेर उनी आएन। बरू उनले अरूको सेवा गर्न आए। धेरै मानिसहरूलाई आफ्नो जीवन दिएर पापको मोल तिरेर मुक्त गर्न उनी आएको हो।" (मत्ती २०:२६-२८ रूपान्तरित)।

आफूलाई मानिसहरूले गुरू, स्वामी, प्रभु भनेर सम्बोधन गरेतापनि उहाँ सेवक बनेर आउनुभएको भनेर देखाउनुभएको थियो। स्वार्थ त्याग गर्ने उहाँको नीति थियो र उहाँको नेतृत्वको आधार नै त्यही थियो। यसप्रकार उहाँले मानव सम्बन्धको निम्ति एउटा नयाँ नीति निर्धारण गर्नुभयोः कुनै काम सफलतापूर्वक सम्पन्न गर्न शक्ति वा बलबाट होइन तर सेवा गरेर। आफूले पाएको नेतृत्व आफ्नो अधिकार वा शक्तिले होइन तर सेवक बनेर पाउँछ। असली मानव स्वभावको परिवर्तन गद्दीबाट होइन तर क्रुसबाट हुन्छ। जीउनु भनेकै मर्नु हो (यूहन्ना १२:२४)।

लूका ९:४६-४८मा पनि आफूहरूमा को भन्दा को ठूलो भनेर येशूका चेलाहरूले तर्क गरिरहेका थिए। संसारको नीतिनियमले तिनीहरूको मगजमा अझै पनि ओगटिरहेको थियो।

येशूको जवाफले मानिसहरूमा हुने समस्याको जडको भन्डाफोर गर्छ र इसाई हुँ भनेर दावी गर्नेहरूको निम्ति एक अत्यन्त कठिन चुनौति येशूले ठड्याइ दिनुभएको छ। "सब भन्दा कान्छो वा सानो हुनुपर्छ" भन्ने येशूको वाणीले आफ्नो मात्र भाऊ खोज्ने संसारको वा चर्चमै किन नहोस् नीतिको बिपरित छ भनेर विशेष गरेर देखाउँछ।

येशूको नीति र संसारको नीति अत्यन्त भिन्नाभिन्नै छ। त्यसकारण यदि हामी इसाई भनेर दावी गर्छौं भने हामीहरूले उहाँको नीति अपनाएर कसरी जीउने?

**उपसंहारः**

"हामीहरूको मन कसमाथि छ? हामीहरूको सोचबिचारको केन्द्रविन्दु को हो? कसको बारेमा कुरा गर्न हामी मन पराउँछौं? हामीहरूको चासो सबभन्दा धेरै कसको छ? हामीहरूको बललाई सबभन्दा धेरै कसको निम्ति खर्च गर्छौं? यदि हामीहरू ख्रीष्टका हौं भने हामीहरूका सोचबिचारहरू उहाँहरूसँग हुन्छन्। हामीमा भएका सबै मिठासपूर्ण चिन्तन उहाँकै बारेमा हुन्छन्। हामीसँग जे छ र जे छौं त्यो उहाँलाई समर्पण गरेको हुन्छ। उहाँको चरित्रको अनुसरण गर्न अत्यन्त रुचाउनेछौं, उहाँको आत्मा हामीहरूको प्राण हुनेछ, उहाँको इच्छामा चल्न हामी एकदम उत्सुक हुनेछौं। हामी जे गर्छौं सबैमा उहाँलाई प्रसन्न पार्न प्रयास गर्नेछौं।"-एलेन जी ह्वाइट, स्टेप्स टु क्राइस्ट पृ. ५८बाट रूपान्तरित।

"यस संसारमा हामी पापले गर्दा सिमित भएका छौं। तर जीवनको महान् आनन्द र उत्कृष्ट शिक्षा भनेकै अरू को सेवा गर्दा पाइन्छ। र पापरहित भविष्यमा पनि हामीहरूको सेवामा हामीहरूको अत्यन्त महान् आनन्द र हामीहरूको अत्यन्त उच्च शिक्षा भनेकै उहाँको बारेमा गवाही दिनु र हामीमा भएको ख्रीष्टको नयाँ गौरबमय रहस्यका खजानाहरू सिक्ने हुन्छ। उहाँ नै हामीहरूको महिमाको आशा हुनुहुन्छ (कलस्सी १:२७)।"-एजुकेशन, पृ. ३०९बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. एकदम धनी र सफल जमिन्दारलाई येशूले मूर्ख भनेर नाउँ दिनुभयो (लूका १२:२०)। कोही मानिस धनी वा सफल नहोला, यद्यपि, उक्त मानिस परमेश्वरको सामु मूर्ख कसरी हुनसक्छ?

आ. हामीहरूका कतिपय चर्चहरूमा दुई खालका समूहहरू पाइन्छः प्रथम्ः पेशागत र व्यापारी अगुवाहरू, र चर्च तथा सामाजिक सेवा गर्ने अगुवाहरू। दोस्रोमा मौन तथा भाउबिनाका सर्वसाधारण विश्वासीहरू जो कसैको नजरमा नआएका हुन्छन्, तिनीहरू चर्चमा आउँछन् र जान्छन्। दोस्रो समूहका

विश्वासीहरू पनि पहिलोको जस्तै आदरणीय विश्वासीहरू हुन् भनेर देखाउन तपाईं के गर्न सक्नुहुन्छ?

इ. बाइबलका शिक्षादीक्षा तथा विश्वासहरूलाई फरिसी पण्डितहरूले कस्तो गरि बंग्याए भनेर तिनीहरूको आलोचना गर्न हामीलाई सजिलो छ। तर हामी पनि त्यही भुल गर्ने खतरामा नपर्न कसरी चनाखो हुने? फरिसी जस्तो नभएर जुन् ठिक छ त्यसमा हामी कसरी अडिग भएर बस्ने? वा कुनै चानचुने विषयलाई लिएर कचकच गर्ने बानीमा नलाग्न कुन् ठिक छ र त्यसको लागि संघर्ष गर्न उपर्युक्त छ भनेर कसरी निर्णय गर्ने?

ई. यतिका वर्षसम्म नआउनुभएको येशूमाथि विश्वास र आशालाई नगुमाइ उहाँको दोस्रो आगमनको प्रतिक्षा गरिरहने र तयार हुने मनस्थितिलाई कसरी जगाइ राख्ने? (उहाँ पहिले नै दोस्रोचोटि आउनुभयो भने हामीहरूको वर्तमान अस्तित्व हुनेथियो होला र?)